# काठ/दाउरा कटान मुछान तथा घाटगद्दी सम्बन्धी सच्चाइएको सूचना

यस सामुदायिक वन उपभोक्ता समुहको मिति २०८२/०९/२९ गते मेचीकाली सन्देश राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशीत सुचनामा जय दुर्गा भवानी सामुदायिक वन उपभोक्ता समुह, राप्तीसोनारी-०२, बाँके हुनुपर्नेमा अशोक सामुदायिक वन उपभोक्ता समुह, राप्तीसोनारी-०२, बाँके भएकोले सो सुचना सच्चाइएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**श्री जय दुर्गा भवानी सामुदायिक वन उपभोक्ता समुह**

राप्तीसोनारी-०२, बाँके

मोफसलमा सर्वाधिक बिक्री हुने
नेपाल सरकारद्वारा निरन्तर राष्ट्रियस्तरको 'क' वर्गमा सूचीकृत

राष्ट्रिय दैनिक
# मेचीकाली सन्देश
Mechikali Sandesh National Daily

**ग्राहक महानुभावमा अनुरोध**
- यहाँहरुको घरमा नियमित पत्रिका नआएमा
- समयमै पत्रिका प्राप्त नभएमा
- ग्राहक बन्नु परेमा
- विज्ञापन दिनु परेमा

मेचीकाली सन्देश राष्ट्रिय दैनिक
बुटवल, ९, मिलनचोक, रुपन्देही
फोन: ०७१, ५३६००५

- अनलाइन माध्यमबाट भुक्तानी वा रकम स्थानान्तरण गर्दा सम्भव भएसम्म सार्वजनिक स्थानका नि:शुल्क वाईफाई प्रयोग नगरौं
- अनलाइन भुक्तानी गर्दा प्रयोग हुने ओटिपि/पासवर्ड अरुलाई शेयर नगरौं
- सुरक्षित रुपमा वित्तीय कारोबार गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-२६ | अंक-३५ | २०८२ माघ ४ गते आइतबार | 18 Jan.- 2026 Sunday | पृष्ठ ४ | मूल्य रु. ६।-

## अघि बढ्दै अलपत्र बेलबास-बेथरी सडक



बुटवल, माघ ३ (मेसस) । अलपत्र रहेको बेलबास बेथरी सडक खण्डअन्तर्गत मोतीपुर क्षेत्रको निर्माणको काम अघि बढ्ने भएको छ । बजेट अभावले झण्डै चार वर्षदेखि अलपत्र परेको बेलबास-मोतीपुर-बेथरी चार लेन सडक खण्डलाई संघबाट प्रदेशमा १८ करोड बजेट आउने भएपछि अधुरो रहेको निर्माणको काम पुनः अघि बढ्न लागेको हो । २१ किलोमिटरको यो सडक बेतहानीदेखि नहरपुरसम्मको ३ किलोमिटर अलपत्र हुँदा स्थानीयले लामो समयदेखि धुलो र हिलोको सास्ती खेप्दै आएका छन् ।

लुम्बिनी प्रदेशका भौतिक पूर्वाधार तथा विकास मन्त्री भूमिश्वर ढकालले निर्माणको काम अब अघि बढ्ने बताए । 'सबै प्रक्रिया सकेर संघीय अर्थ मन्त्रालयबाट प्रदेशबाट बजेट आउँदैछ,' उनले भने, 'अलपत्र काम अब अघि बढ्छ । बिलम्ब भएको निर्माण सुरू हुन्छ । विष्णु पौडेल अर्थमन्त्री हुँदा बजेट विनियोजन भएको थियो । अबको केही दिनभित्र प्रदेशमा बजेट आउँछ, लगत्तै काम अघि बढ्छ ।'क

संघबाट बजेट प्रदेशको दायित्व भुक्तानी प्रयोजनार्थ बजेट 'पिएलएमबिआइएस'मा प्रविष्ट भएको उनले जानकारी दिए । 'ठेक्का लगाउनुपर्ने छैन, यसअघिको बज्रगुरु कान्छाराम जेभीले निर्माण थालेको हो, उनले नयाँ टिमलाई अख्तियारी दिएको छ,' मन्त्री ढकालले थपे । कान्छाराम जेभीको ८ किलोमिटर ठेक्कामध्ये ३ किलोमिटर बाँकी छ । तीन वर्षमा सक्ने गरी पश्चिमबाट लुम्बिनी घुम्न आउने पर्यटकलाई बुटवलबाट सिधै बुद्ध जन्मस्थल जान र आउन आर्थिक वर्ष २०७२/७३ मा बेलवास-बेथरी पर्यटन मार्ग निर्माण सरू गरिएको थियो । नमूना सडकको रूपमा निर्माण थालिएको विकास आयोजना सुरूआतमा रणनीतिक सडकअन्तर्गत २ अर्ब ८० करोड रुपैयाँको लागतमा संघीय सरकारले निर्माण अघि बढाएको थियो ।

मुलुक संघीयतामा गएपछि संघीय सरकार मातहतको सडक डिभिजन कार्यालय, बुटवलले २०७५ सालमा सडकलाई लुम्बिनी प्रदेश सरकारलाई हस्तान्तरण गरेको थियो । लुम्बिनी प्रदेश भौतिक पूर्वाधार तथा विकास मन्त्रालयका सूचना अधिकारी पुरुषोत्तम पौडेलले पत्राचारका सबै प्रक्रिया पूरा भएर बजेट प्रदेशमा आउने प्रक्रियामा गएको बताए । आयोजनाको कहिले जग्गा विवाद, कहिले बजेट अभाव त कहिले निर्माण कम्पनीले काम नगर्दा चरम ढिलाइले लागत बढेर ३ अर्ब ५० करोड पुगेको छ । तीन खण्डमा निर्माणको ठेक्का सम्झौता भएकोमा दुई खण्डको काम भए पनि एक खण्ड अझै बाँकी छ ।

सडकको बीच भागमा नहर र दुवैतर्फ सातसात मिटरको डबल लेनको छ । सडकका दुवै किनारमा दुई मिटरको साइकल लेन र त्यसपछि १.५ मिटरको फुटपाथ छ भने, बीचमा नहरको भित्तामा हरियाली बनाउने योजना छ । बुटवलको बेलबासबाट सुरु भएको चार लेन सडक मोतिपुर, शुद्धोधन, सियारी हुँदै गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलसम्म पुग्छ । बेथरी बजार भैरहवा-लुम्बिनी सडक खण्डमा पर्छ । यो सडक निर्माण हुँदा स्थानीय कृषि उपजको बजारीकरणमा सहज भएको बुटवल उपमहानगरपालिका वडा नम्बर ११ का वडा अध्यक्ष रामचन्द्र क्षेत्रीले बताए । यो सडक पूर्वअर्थमन्त्री विष्णु पौडेलको योजनामा अघि बढेको थियो । दुवैतिर सडक बत्ती र नहरको पानीतर्फ फर्काइएका रङ्गीन बत्तीले यो सडकलाई आकर्षक बनाउने योजना छ । नहरमा पानीको मात्रा बढाएर लामो दूरीको च्यापिटङ वा बोटिङसमेत गर्न सकिने महत्वकांक्षी योजना अगाडि सारिएको छ ।

## वीरेन्द्र कानोडिया एमाले प्रवेश

बुटवल, माघ ३ (मेसस) । नेपाली कांग्रेसका नेता तथा पूर्वमन्त्री वीरेन्द्रकुमार कानोडिया एमाले प्रवेश गरेका छन् । शनिबार दिउँसो एमाले अध्यक्ष केपी शर्मा ओली, महासचिव शंकर पोखरेललगायत पदाधिकारी तहका नेताहरूले कानोडियालाई पार्टीमा स्वागत गरेका हुन् । उनलाई कपिलवस्तु-३ बाट आगामी प्रतिनिधि सभामा एमालेबाट उम्मेदवार बन्ने गरी अध्यक्ष ओलीले टिकट प्रदान गरेको प्रेस चौतारीका पूर्वअध्यक्ष गणेश बस्नेतले फेसबुकमा लेखेर जानकारी गराएका छन् । कानोडिया लुम्बिनी प्रदेशसभामा कांग्रेसका पूर्वसांसद हुन् । अघिल्लो संसद्मा उनी प्रदेश संसदीय दल नेतासमेत बनेका थिए । २०७४ मा उनी कपिलवस्तु-३ को प्रदेशसभा (ख) बाट विजयी भएका थिए । त्यतिबेला उनले ६ हजार ३०७८ मत प्राप्त गर्दै वाम गठबन्धनका उम्मेदवार जावेद आलम खाँनलाई पराजित गरेका थिए ।

२०७९ सालको निर्वाचनमा भने कानोडिया सोही क्षेत्रबाट राप्रपाका जानकीप्रसाद यादवसँग प्रदेशसभा सदस्यमा पराजित भएका थिए । कानोडियाले नेपाली कांग्रेसको स्थानीय नेतृत्वसँगको असमझदारीका कारण पार्टी परित्याग गरेर एमाले प्रवेश गरेको बताए । 'नेपाली कांग्रेस पार्टीप्रति मेरो कुनै पनि गुनासो छैन, स्थानीय पार्टी नेतृत्वसँग भने समझदारी हुन सकेन,'उनले भने । यसअघि नेपाली कांग्रेसको विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गरेका कानोडियाले पार्टी फुट्ने अवस्था आएको भन्दै पुस २३ गते हस्ताक्षर फिर्ता लिएका थिए । कानोडियाले एमाले प्रवेशसँगै आफूले सोही क्षेत्रबाट प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दिने पक्का भएको बताए । 'क्षेत्र नं ३ बाट मैले एमालेबाट उम्मेदवारी दर्ता गर्दै छु, एमालेबाट टिकटको सुनिश्चितसमेत भइसकेको छ,'उनले भने । विघटित प्रतिनिधिसभा निर्वाचनमा सो क्षेत्रबाट एमालेका मङ्गलप्रसाद गुप्ता विजयी भएका थिए । उनी चिनी मिल र नेपालगन्ज मेडिकल कलेजका सञ्चालक हुन् । कानोडिया २०५८ सालमा जलस्रोत सहायक मन्त्री पनि बनेका थिए ।

## आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न कठिन: उपाध्यक्ष श्रेष्ठ



बुटवल, माघ ३ (मेसस) । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रकाशकुमार श्रेष्ठले प्रविधिमा आएको तीव्र परिवर्तनलाई नेपालले समयमै आत्मसाथ गर्न नसक्दा मुलुक आर्थिक रूपमा पछि परिरहेको बताए । नेपाल चेम्बर अफ कमर्स, लुम्बिनी प्रदेशको वार्षिक साधारण सभा तथा हीरक जयन्ती उत्सवको शनिबार उद्घाटन गर्दै उनले विश्व परिवेशमा देखिएको आर्थिक तथा राजनीतिक परिवर्तनले नेपालको अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पारेको उल्लेख गर्दै विकास त भएको छ तर सन्तोषजनक नभएको स्पष्ट पारे । 'दोहोरो अंकको आर्थिक वृद्धिदर हासिल नगरेसम्म नेपाल धनी मुलुक बन्न सक्दैन,' उनले भने,'योजनाले लक्ष्य गरेअनुसारको उपलब्धि हासिल हुन नसकेको यथार्थ स्वीकार गर्नुपर्छ ।' उपाध्यक्ष श्रेष्ठका अनुसार १६ औं योजनाले ८ प्रतिशत आर्थिक वृद्धिको लक्ष्य लिएको भए पनि राजनीतिक अस्थिरता र कर्मचारीतन्त्रको अस्थिरताका कारण उक्त लक्ष्य हासिल गर्न चुनौतीपूर्ण छ । 'बारम्बार कर्मचारी परिवर्तन हुँदा कसरी क्षमता वृद्धि हुन्छ ?' भन्दै उनले नीति र योजनालाई निरन्तरता दिने सकारात्मक सोच विकास गर्नुपर्ने आवश्यकता औँल्याए ।

सरकार र निजी क्षेत्रबिचको दूरीप्रति चिन्ता व्यक्त गर्दै उनले दुवै क्षेत्र एक-अर्कालाई नबुझ्ने अवस्था विद्यमान रहेको बताए । 'सरकार र निजी क्षेत्र एउटै डुंगाका यात्री हुन्,' उनले भनिन्,'सहकार्य नगरी लक्ष्य हासिल हुन सक्दैन ।' स्वदेशी वस्तुको उपभोगले आत्मनिर्भर अर्थतन्त्र निर्माणमा ठूलो योगदान पुग्ने उल्लेख गर्दै कृषि, उद्योग र व्यापारमा प्रविधिको प्रयोग अपरिहार्य भइसकेको उनको धारणा थियो । कार्यक्रममा बोल्दै उद्योगी दीपक मलहोत्राले निजी क्षेत्रमैत्री नीति, स्थिर सरकार र लगानीमैत्री वातावरण निर्माण गर्न सरकार गम्भीर हुनुपर्ने बताए । नेपाल उद्योग परिसंघ लुम्बिनी प्रदेशका अध्यक्ष एजाज आलमले प्रदेशको औद्योगिक विकासका लागि पूर्वाधार, ऊर्जा र नीतिगत स्थायित्व आवश्यक रहेको उल्लेख गरे । त्यसैगरी नेपाल चेम्बर अफ कमर्स लुम्बिनी प्रदेशका अध्यक्ष टंकप्रसाद पोखरेलले चेम्बरले निजी क्षेत्रको आवाज बुलन्द गर्दै सरकारसँग समन्वय गरेर आर्थिक विकासमा योगदान दिँदै आएको बताए । कार्यक्रममा व्यवसायी, उद्योगी तथा विभिन्न क्षेत्रका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## रिडी मेलाको आकर्षण कृत्रिम ड्याममा 'डुङ्गा'

तानसेन, माघ ३ । पाल्पा, गुल्मी र स्याङ्जाको सङ्गमस्थल रुरु धाम क्षेत्रमा माघे सङ्क्रान्ति मेला भर्ने दर्शनार्थीको घुइँचो लागेको छ । पाँच दिनसम्म लाग्ने मेलाको बिहीबार र शुक्रबार कालीगण्डकी नदीमा स्नान गरी यस क्षेत्रमा रहेको प्रमुख ऋषिकेशव मन्दिरमा पूजाआजा गर्ने दर्शनार्थीको घुइँचो लागेको हो । यहाँ आउने दर्शनार्थी स्नानसँगै मेलामा रमाउने गरेका छन् । मेलाको आकर्षणको रूपमा कृतिम ड्याममा सञ्चालन गरिएको डुङ्गा रहेको छ । पर्यटक आकर्षित गर्न यस वर्ष यहाँका युवाले रिडी खोलालाई थुनेर ताल निर्माण गरी डुङ्गा सञ्चालनमा ल्याएका छन् । जुन मेला भर्न आउनेको आकर्षणको केन्द्र बनेको छ । यहाँ आउने जो कोही डुङ्गा सयर गरे मात्र फर्कने गरेको रुरु सञ्चार प्रालिका अध्यक्ष चुरामणी तिमिल्सेनाले बताए ।

बिहीबार पहिलो दिन नै ६९३ जनाले डुङ्गा सयर गरेका थिए । डुङ्गा चढ्नेबाट पहिलो प्रतिव्यक्ति रु.३०० लिइए पनि दोस्रो दिन शुल्क घटाएर रु.२०० पुऱ्याइएको छ । भीड बढ्दै गएपछि एक फन्को मात्रै लगाउने भएकोले शुल्क पनि घटाएर प्रतिव्यक्ति रु.२०० मात्रै तोकिएको तिमिल्सेनाले बताए । अहिले पनि तालमा डुङ्गा चढ्नेको भीड छ । पेट्रोलबाट चल्ने उक्त बोटमा ११ जना पर्यटकको क्षमता रहेको छ । स्थानीय आठ जना युवा मिलेर आफ्नै लगानीमा माघी मेलालाई केन्द्रमा राखेर डुङ्गा चलाउन ताल बनाएका हुन् । मेलाकै अवसरमा पाल्पा, गुल्मी र स्याङ्जा क्षेत्रमा व्यापारिक स्टलसमेत राखिएका छन् । गुल्मी र पाल्पातर्फ गरी २०० भन्दाबढी स्टल छन् । रुरु क्षेत्रमा होटल, घरेलु सामग्री, सुपो, डालो, राडी, पाखी, फेन्सी सामग्री प्रर्दशनीकक्षमा छन् । मेलामा गुल्मीको थोर्गालगायतका किसानले उखुबाट बनाइएको गुँड, खुदो, चाकु र स्थानीय उत्पादनका प्रर्दशनीकक्ष राखेका छन् । सङ्क्रान्तिका अवसरमा व्यापार गर्न पाल्पा, बागलुङ, रूकुम, रोल्पा, हुम्ला, जुम्ला, मुस्ताङलगायतका स्थानबाट घरेलु सामग्री बिक्रीका लागि रिडीमा आएका छन् ।

### लुम्बिनीमा पर्यटक
## तेस्रो मुलुकका बढे, भारतीय घटे

बुटवल, माघ ३ (मेसस) । विश्व सम्पदा सूचीमा सूचीकृत अन्तर्राष्ट्रिय पर्यटकीयस्थल लुम्बिनी भ्रमण गर्ने पर्यटकको संख्या सन् २०२५ मा थोरैले घटेको छ । कोभिड महामारीपछि विस्तारै प्रत्येक वर्ष पर्यटक संख्या वृद्धि भइरहेकोमा सन् २०२५ मा भने सन् २०२४ को तुलनामा आंशिक घटेको हो ।

लुम्बिनी विकास कोषका अनुसार सन् २०२४ मा ११ लाख ७२ हजार २८२ पर्यटकले लुम्बिनी भ्रमण गरेकोमा सन् २०२५ मा ११ लाख १४ हजार २६६ पर्यटकले भ्रमण गरेका हुन ।

यो भनेको २०२४ मा भन्दा २०२५ मा ५८ हजार १६ पर्यटक संख्या कम हो। अघिल्लो वर्षको तुलनामा बुद्धजन्मस्थल लुम्बिनी आउने पर्यटकको संख्या ४.९५ प्रतिशतले घटेको लुम्बिनी विकास कोषका जनसम्पर्क प्रमुख तथा सूचना अधिकारी डा.हरिध्वज राईले बताए ।

उनका अनुसार स्वदेशी, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय पर्यटक आगमनमा फरक-फरक प्रवृत्ति देखाएको छ । 'सन् २०२५ मा पनि स्वदेशी पर्यटन लुम्बिनीको प्रमुख आधार नै रह्यो तर नेपाली पर्यटक आगमन ७.५१ प्रतिशतले घट्दा कुल गिरावटमा यसको योगदान सबैभन्दा ठूलो देखियो,' राईले भने, 'भारतीय पर्यटक आगमन १०.१४ प्रतिशतले घटेको छ, जसले सीमापार धार्मिक यात्रा तथा छोटो दूरीको भ्रमणमा सुस्तता आएको संकेत गर्दछ ।'



उनका अनुसार भारतबाहेकका अन्य मुलुकका पासपोर्टधारी अन्तर्राष्ट्रिय पर्यटकहरूमा २६.५४ प्रतिशतको उल्लेखनीय वृद्धि देखिएको छ । तेस्रो मुलुकबाट भने करिब ३० हजार पर्यटक थपिएको डा.राईको भनाइ छ ।

'स्वदेशी तथा भारतीय पर्यटक घट्दाको असरलाई केही हदसम्म सन्तुलनमा ल्याएको छ,' उनले भने, 'लुम्बिनीप्रति अन्तर्राष्ट्रिय तीर्थयात्री तथा सांस्कृतिक पर्यटकहरूको आकर्षण बढ्दै गएको पुष्टि गर्दछ ।' सन् २०२५ मा लुम्बिनी आउने अन्तर्राष्ट्रिय पर्यटकहरूमा बौद्ध राष्ट्र र पूर्वी एसियाली देशहरूको प्रभुत्व देखिएको छ । श्रीलंका ३२ हजार २८७ पर्यटकसहित पहिलो स्थानमा रहेको छ भने थाइल्यान्ड १९ हजार ८९१ र म्यान्मार १८ हजार ५२८ सहित क्रमशः दोस्रो र तेस्रो स्थानमा रहेका छन् । चीन १० हजार ७८९ पर्यटकसहित चौथो, भियतनाम ८ हजार ६१५ सहित पाँचौं स्थानमा रहेको लुम्बिनी विकास कोषको तथ्यांकले देखाएको छ ।

लुम्बिनीमा सन् २०२५ मा दक्षिण कोरियाबाट ३ हजार ८९५, जर्मनीबाट २ हजार ३७८ पर्यटक लुम्बिनी आएर यी देशहरू क्रमशः छैटौं र सातौं स्थानमा रहेका छन् । लुम्बिनीमा जर्मनीबाट पर्यटकहरू आउनुले सुखद् संकेत गरेको छ । जर्मन प्रमुख युरोपेली स्रोत बजारका रूपमा देखिएकाले यो निकै सकरात्मक हो । पर्यटनविद् समेत रहेका डा.राईले भने,'सम्पन्न एसियाली देशहरूको वर्चस्वले विश्व बौद्ध तीर्थ पर्यटनमा लुम्बिनीको केन्द्रीय भूमिका झल्काएको छ ।' युरोपेली पर्यटकको उपस्थितिले यसलाई विश्व सम्पदा तथा सांस्कृतिक गन्तव्यका रूपमा बढ्दो मान्यता मिलिरहेको उनको विश्वास छ । समग्रमा लुम्बिनीमा पर्यटक गिरावटको प्रमुख कारण देशभित्र र अन्तर्राष्ट्रिय स्तरमा देखिएको राजनीतिक अस्थिरतालाई रहेको पर्यटन व्यवसायीको भनाइ छ ।

मुलुकको अस्थिर राजनीतिका कारण आन्तरिक पर्यटक घटेको लुम्बिनी होटल संघका अध्यक्ष लिलामणि शर्मा बताउँछन् । उनले विदेशी पर्यटकभन्दा आन्तरिक र भारतीय पर्यटकले लुम्बिनी भरिभराउ हुँदै आएकोमा यो पटक जेनजी आन्दोलनका कारण पर्यटक आउन नसकेको बताए । 'एकातर्फ सडकको अवस्था भने अर्को चाडपर्वको मुखमा जेनजी आन्दोलनले नेपाली र भारतीय पर्यटक घटे,' उनले भने ।

भारतले पनि नेपाल जानुभन्दा पहिले विचार गरेर जानु भनेर भनेर सूचना जारी गरेकाले पनि भारतीय पर्यटक घटेको उनको भनाइ छ । शर्माले लुम्बिनी बौद्ध धार्मिक स्थल भएकाले यहाँ आध्यात्मिक क्रियाकलाप नहुनु पनि पर्यटक घट्नुको मुख्य कारण रहेको बताए । (बाँकी ४ पेजमा)




## सम्पादकीय

# उपभोक्ता अधिकारमा चासो

विश्वभरिका आम मानिस कुनै न कुनै रुपमा वस्तु र सेवाको उपभोग गरिरहेका हुन्छन् । सर्वसाधारणदेखि सरकार, ठुलासाना सबै व्यापारी-व्यवसायी, प्रत्येक व्यक्ति र संस्थाहरू वस्तु र सेवा प्रयोग गर्ने समय र परिस्थितिअनुसार उपभोक्ताको तहमा पर्दछन्। उपभोक्ताको हितका सम्बन्धमा पौराणिक कालदेखि नै केही न केही व्यवस्था भएको पाइन्छ।

उपभोक्ता हितसम्बन्धी नियम कानुनहरु उतिबेला पनि बनाइएको पाइएको छ । विभिन्न धार्मिक ग्रन्थहरू जस्तै मनुस्मृति, याज्ञवल्क्य स्मृति, मुन्धुम तथा अन्य विभिन्न धार्मिक ग्रन्थहरुका आधारमा उपभोक्ता ठग्ने अपराधीलाई दण्ड दिने व्यवस्था गरिएको इतिहासमा पाइएको छ । लिच्छवी कालमा तौल र गुण ठग्ने व्यापारीलाई कारबाही गरिने चलनदेखि राजा जयस्थिती मल्लले नापतौल, ढकतराजु, तथा जग्गा नाप्ने व्यवस्था हुँदै त्यतिबेलाका गोरखाका राजाराम शाहले मानापाथी-धार्नीबिसौली प्रचलनमा ल्याई नापतौलमा घटीबढी गर्नेलाई सजाय दिने गरेको व्यवस्था यसैका उदाहरण हुन् । नेपालको संविधानले उपभोक्ताको हकलाई मौलिक अधिकारका रूपमा स्थापित गरेको छ तर यी अधिकार व्यवहारमा आउन समस्या हुने गरेको छ। यसको कार्यान्वयनका लागि जिल्लास्तरीय उपभोक्ता संरक्षण कार्यालय प्रभावकारी हुनुपर्छ। उपभोग्य वस्तुका गुणस्तर, परिमाणलगायतका मापदण्ड परीक्षण गर्न प्रयोगशाला, प्राविधिकलगायतका जनशक्ति तथा स्रोत-साधनको पर्याप्त व्यवस्था जरुरी छ। उपभोक्ता संरक्षण ऐन र यसको नियममा समायानुकूल परिमार्जन आवश्यक छ। धारा ४४ (२) मा 'उपभोक्ताको हक' अन्तर्गत 'गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने' भन्नेसमेत व्यवस्था गरेकाले कुनै गुणस्तरहीन वस्तु वा सेवाको उपभोगबाट हानि पुग्न गई क्षति पुगेमा सो क्षतिबापतको क्षतिपूर्ति प्राप्त गर्ने मौलिक हकसमेत संविधानमा नै सुरक्षित गरिएको छ । यो हक संविधानमा पहिलोपटक समावेश गरिएको हो। मौलिक हक हनन भएको अवस्थामा सिधै सर्वोच्च अदालतमा रिटमार्फत कानुनी उपचार प्राप्त हुने व्यवस्था संविधानमा नै गरिएको हुनाले मौलिक हकलाई यसरी सबैभन्दा उच्चकोटिमा राख्ने गरिएको हो । नेपालको संविधानले पनि यसपूर्वका संविधानहरूमा जस्तै मौलिक हकको रक्षा गर्न संवैधानिक उपचारको हक प्रत्याभूत गरेको छ । जसअनुसार धारा १३३ मा व्यवस्था भएबमोजिम संघीय सर्वोच्च अदालत तथा धारा १४४ मा व्यवस्था भएबमोजिम प्रदेश उच्च अदालतमा यो उपचार खोज्ने व्यवस्था छ। उपभोक्ता अधिकारका बारेमा सरोकारवालमा चासो जान जरुरी छ। उपभोक्ताको जिउज्यान र स्वास्थ्यमा खेलवाड गर्नेलाई कानुनी कारबाहीको दायरामा ल्याउनुपर्छ।

# उत्तरायण र मकर संक्रान्ति : विज्ञान, दर्शन र परम्पराको त्रिवेणी



**रामचन्द्र ढकाल**

'अयन' को शाब्दिक अर्थ मार्ग वा गति हो। खगोलशास्त्रको दृष्टिमा सूर्यले दक्षिण दिशाबाट उत्तरतर्फ आफ्नो मार्ग परिवर्तन गर्ने प्रक्रियालाई उत्तरायण भनिन्छ भने उत्तरबाट दक्षिणतर्फ लाग्ने प्रक्रियालाई दक्षिणायन भनिन्छ। भौतिक रूपमा पुसको पहिलो साता (डिसेम्बर २१-२२) देखि नै सूर्य पृथ्वीबाट उत्तरतर्फको यात्रामा प्रस्थान गरिसकेको देखिन्छ। यद्यपि, हामी माघ १ गते मात्र उत्तरायण र मकर संक्रान्ति मनाउँछौं । यो विरोधाभास बुझ्न हाम्रो प्राचीन गणना पद्धतिको गहिराइमा पुग्नु आवश्यक छ।

वैदिक ज्योतिषमा समय गणनाका सायन पद्धति र निरयण पद्धतिको दुई प्रमुख आधारहरू छन् । सायन पद्धति प्रत्यक्ष देखिने खगोलीय घटना जस्तै सूर्योदय, सूर्यास्त र ग्रहणमा आधारित छ। यसले ऋतु परिवर्तनको तात्कालिक समयलाई जनाउँछ। निरयण पद्धति स्थिर नक्षत्रमा आधारित पद्धति हो। संक्रान्ति, तिथि, व्रत र आध्यात्मिक अनुष्ठानका लागि यसको प्रयोग गरिन्छ।

आर्यभट, वराहमिहिर, भास्कराचार्य, कमलाकार, नयराज ,जस्ता हाम्रा पूर्वज मनीषीहरूले दृश्य फलका लागि सायन र अदृष्ट फलका लागि निरयण पद्धति अपनाउनु पर्छ भनेर स्पष्ट पारेका छन्। मकर संक्रान्ति र उत्तरायण अदृष्टफलसँग सम्बन्धित पर्व भएकाले स्थिर नक्षत्रमा आधारित निरयण पद्धतिअनुसार मनाउनु नै वैज्ञानिक र तार्किक छ।

ऋतु परिवर्तनको यो सन्धिबेलामा चिसोका कारण शरीर संकुचित हुन्छ। वैदिक आयुर्वेदले यस समयमा मधुर र स्निग्ध रसको सेवन अनिवार्य मानेको छ। माघे संक्रान्तिमा खाइने चाकू, घ्यू, तिल र तरुल केवल स्वादका लागि होइनन् । यी यो ऋतुका लागि अचुक औषधी हुन् । जब यी परिकार कुलपितृ र इष्टदेवलाई अर्पण गरिन्छ, तब ती 'भोग' बाट 'प्रसाद' मा रूपान्तरित हुन्छन् । यसले हाम्रो आत्मिक र शारीरिक शुद्धि सुनिश्चित गर्दछ।

पर्वमा देखिने विभिन्न स्थानीय अभ्यासहरू जस्तै : गिर खेल्ने, गोरु जुधाउने, नदी-धारामा स्नान गर्ने र भजन-कीर्तन गर्ने परम्पराहरू केवल रमाइलोका लागि मात्र होइनन् । यी अभ्यासहरू प्रकृति, समाज र आत्माबिच सन्तुलन स्थापित गर्ने सूक्ष्म माध्यम हुन्। यसले एकातिर शारीरिक स्फूर्ति बढाउँछ भने अर्कोतिर सामाजिक सद्भाव र सामुदायिक एकतालाई बलियो बनाउँछ।

आजको तनावपूर्ण र यान्त्रिक विश्वमा यस्ता पर्वहरू मानसिक विश्रामका उत्कृष्ट साधन हुन्। दैनिक जीवनको असफलता र थकानबिच यी उत्सवहरूले मनलाई पुनर्जीवन प्रदान गर्छन्। यसले मानिसलाई यन्त्रबाट मानव बन्न र आफ्ना जराहरूसँग जोडिन मद्दत पुर्‍याउँछ।

आजको समाजमा परम्परा र विज्ञानलाई हेर्ने दृष्टिकोणमा केही विचलनहरू देखिन्छन् । विशेषगरी पछिल्लो समयमा ६ प्रकारका प्रवृत्तिहरू चर्चामा छन्।

१. नक्षत्रात्मक अयनको ज्ञान नभएकाहरू।

२. परम्परालाई योजनाबद्ध रूपमा नजरअन्दाज गर्न खोज्नेहरू।

३. बिना अध्ययन पश्चिमा वा अन्य आयातीत तर्कमा गर्व गर्नेहरू।

४. पञ्चाङ्गका सूक्ष्म पद्धति (सायन र निरयण) नबुझ्नेहरू।

५. समय र सन्दर्भको बोध नभएकाहरू।

६. पूर्खाहरूको ज्ञानलाई गाली गरेर मात्र प्रसिद्ध हुन चाहनेहरू।

अतः अयन केवल आकाशको भौतिक प्रकाश मात्र होइन, यो आत्माको अनुभूत ज्ञानको सेतु पनि हो । भगवद् गीतामार्फत भगवान् श्रीकृष्ण भन्नुहुन्छ, 'ज्ञानीले अज्ञानीलाई भ्रमित तुल्याउनुहुँदैन, बरु स्वयं सही मार्गमा रहेर अरूलाई कर्ममार्गमा प्रेरित गर्नुपर्छ।' उत्तरायण र मकर संक्रान्ति केवल तिथिहरू होइनन्। यी हाम्रा समयबोध र चेतनाका शाश्वत हस्ताक्षर हुन् । यसलाई विवेकपूर्वक बुझ्नु, जोगाउनु र आगामी पुस्तामा हस्तान्तरण गर्नु हाम्रो कर्तव्य हुन आउँछन्।

*माघे संक्रान्तिमा खाइने चाकु, घ्यु, तिल र तरुल केवल स्वादका लागि होइनन् । यी यो ऋतुका लागि अचुक औषधी हुन् । जब यी परिकार कुलपितृ र इष्टदेवलाई अर्पण गरिन्छ, तब ती 'भोग' बाट 'प्रसाद'मा रुपान्तरित हुन्छन् । यसले हाम्रो आत्मिक र शारीरिक शुद्धि सुनिश्चित गर्दछ । आर्यभट, वराहमिहिर, भास्कराचार्य, कमलाकार, नयराज ,जस्ता हाम्रा पूर्वज मनीषीहरुले दृश्य फलका लागि सायन र अदृष्ट फलका लागि निरयण पद्धति अपनाउनु पर्छ भनेर स्पष्ट पारेका छन् । मकर संक्रान्ति र उत्तरायण अदृष्टफलसँग सम्बन्धित पर्व भएकाले स्थिर नक्षत्रमा आधारित निरयण पद्धतिअनुसार मनाउनु नै वैज्ञानिक र तार्किक छ ।*

*ऋतु परिवर्तनको यो सन्धिबेलामा चिसोका कारण शरीर संकुचित हुन्छ । वैदिक आयुर्वेदले यस समयमा मधुर र स्निग्ध रसको सेवन अनिवार्य मानेको छ । माघे संक्रान्तिमा खाइने चाकू, घ्यु, तिल र तरुल केवल स्वादका लागि होइनन् । यी यो ऋतुका लागि अचुक औषधी हुन् । जब यी परिकार कुलपितृ र इष्टदेवलाई अर्पण गरिन्छ, तब ती 'भोग' बाट 'प्रसाद'मा रुपान्तरित हुन्छन् । यसले हाम्रो आत्मिक र शारीरिक शुद्धि सुनिश्चित गर्दछ । पर्वमा देखिने विभिन्न स्थानीय अभ्यासहरु जस्तै-गिर खेल्ने, गोरु जुधाउने, नदी-धारामा स्नान गर्ने र भजन-कीर्तन गर्ने परम्पराहरु केवल रमाइलोका लागि मात्र होइनन् । यी अभ्यासहरु प्रकृति, समाज र आत्माबीच सन्तुलन स्थापित गर्ने सूक्ष्म माध्यम हुन् । यसले एकातिर शारीरिक स्फूर्ति बढाउँछ भने अर्कोतिर सामाजिक सद्भाव र सामुदायिक एकतालाई बलियो बनाउँछ ।*

# नेपाली राजनीतिमा 'जेलन्स्की युग'को पदचाप

**दीपकराज जोशी**

नेपाली राजनीतिमा जेलन्स्की युग को चर्चा हुनु भनेको जनताले परिवर्तन खोजेको स्पष्ट संकेत हो । यसले पुराना दलहरूलाई सुध्रिने वा सकिने चेतावनी दिएको छ। तर, परिवर्तनको यो लहर भावनामा मात्र बग्नु हुँदैन। विश्व राजनीतिको रङ्गमञ्चमा समय-समयमा यस्ता पात्रहरूको उदय हुन्छ, जसले स्थापित मूल्य-मान्यता र परम्परागत शक्ति संरचनालाई एकै झट्कामा हल्लाइदिन्छन्।

सन् २०१९ मा युक्रेनमा भ्लोदिमिर जेलन्स्कीको उदय त्यस्तै एउटा परिघटना थियो । एउटा हास्य कलाकार, जसले टेलिभिजनको पर्दामा राष्ट्रपति बनेको अभिनय गर्थ्यो, ऊ वास्तवमै देशको सर्वोच्च पदमा पुग्यो। आज नेपालको तरल राजनीतिक वातावरणमा पनि यस्तै एक आउटसाइडर (बाहिरिया) नेतृत्वको खोजी भइरहेको आभास हुन्छ । के नेपाली राजनीति अब साँच्चै जेलन्स्की युगतर्फ प्रवेश गर्दैछ ? यो प्रश्न अहिले चियापसलदेखि प्राज्ञिक बहससम्मको केन्द्रमा छ।

जेलन्स्कीको उदय हुनुअघि युक्रेनमा जसरी भ्रष्टाचार, ओलिगाकी (कुलीनतन्त्र) र पुराना दलहरूको असफलताले जनतामा चरम निराशा थियो, नेपालमा पनि ठ्याक्कै त्यस्तै अवस्था विद्यमान छ। वि.सं. २०४६ सालपछिको राजनीति हेर्ने हो भने सीमित नेता र केही राजनीतिक घरानाकै वरिपरि सत्ता घुमिरहेको देखिन्छ।

पटक-पटक प्रधानमन्त्री बन्ने तर जनताको जीवनस्तरमा कुनै तात्विक परिवर्तन ल्याउन नसक्ने टेस्टेड नेताहरूप्रति युवा पुस्तामा गहिरो वितृष्णा छ। जुन जोगी आए पनि कानै चिरेको भन्ने उखान नेपाली समाजमा निराशाको मानक बनेको छ। यही रिक्तता र अविश्वासको जगमा नयाँ अनुहारको खोजी सुरु भएको हो, जसलाई हामी जेलन्स्की युगको पदचाप भन्न सक्छौं । नेपाली राजनीतिमा अहिले देखिएको परिवर्तनका संकेतहरूलाई निम्न बुँदामा विश्लेषण गर्न सकिन्छ-

**१. गैर-परम्परागत पृष्ठभूमिबाट उदय :**

जेलन्स्की जस्तै नेपालमा पनि अहिले स्थापित राजनीतिक करिअर नभएका तर आफ्नो क्षेत्रमा सफल भएका व्यक्तिहरू राजनीतिमा आउने क्रम बढेको छ। सञ्चारकर्मी, इन्जिनियर, डाक्टर र अभियन्ताहरूले पुराना दलको विरासतलाई चुनौती दिइरहेका छन्। उनीहरूले राजनीतिलाई सेवा' भन्दा पनि डेलिभरीको रूपमा परिभाषित गरिरहेका छन्।

**२. डिजिटल लोकतन्त्र र सामाजिक सञ्जाल :**

जेलन्स्कीको जीतमा सामाजिक सञ्जालको भूमिका निर्णायक थियो। नेपालमा पनि अहिले फेसबुक, दिस्कर्ड , टिकटक र ट्विटर (X) ले जनमत निर्माणमा ठुलो भूमिका खेलिरहेका छन् । पुराना दलका कार्यकर्ताको केडर बेस राजनीतिलाई नयाँ शक्तिहरूले नेटवर्क बेस राजनीतिले विस्थापित गर्दैछन्। यसले गर्दा जनता र नेताबीचको दूरी घटेको छ, तर सँगै संवेग (Emotions) ले विवेकलाई उछिन्ने खतरा पनि बढेको छ।

**३. पपुलिज्म (लोकप्रियतावाद) को आकर्षण :**

जेलन्स्कीले जनतालाई म तिमीहरूमध्येकै एक हुँ भन्ने महसुस गराए । नेपालका नयाँ पात्रहरूले पनि यही आम मानिस (Common Man) को भावनालाई समातेका छन् । उनीहरूले ठुला राजनीतिक दर्शन वा वाद (Ism) भन्दा पनि भ्रष्टाचार नियन्त्रण, शिक्षा, स्वास्थ्य र सुशासन जस्ता प्रत्यक्ष सरोकारका विषयलाई मुख्य एजेन्डा बनाएका छन्।

**संस्थागत अवरोध र संसदीय जटिलता**

तर, युक्रेन र नेपालको संवैधानिक संरचनामा एउटा ठुलो भिन्नता छ । युक्रेनमा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणाली छ। जेलन्स्कीले चुनाव जितेपछि उनले मन्त्रीमण्डल बनाउन र निर्णय लिन धेरै हदसम्म स्वतन्त्रता पाए। नेपालमा भने संसदीय व्यवस्था छ।

यहाँ कुनै एक व्यक्ति जेलन्स्की जस्तै लोकप्रिय भएर आए पनि उसले बहुमतको संसद र गठबन्धनको खेलबिना काम गर्न सक्दैन । वर्तमान निर्वाचन प्रणाली (मिश्रित प्रणाली) ले गर्दा कुनै पनि एउटा दलको स्पष्ट बहुमत आउन कठिन छ। यस्तो अवस्थामा नयाँ आउने पात्र पनि अन्ततः उही भागबण्डा र गठबन्धनको दलदलमा फस्ने जोखिम रहन्छ। यसले गर्दा व्यक्तिको परिवर्तनले मात्रै प्रणाली सुध्रिनेमा शङ्का उत्पन्न हुन्छ।

लेखको सुरुमा उल्लेख गरिएझैं, हिजोका नेताहरू दाता र विदेशी शक्तिबाट परिचालित भएको आरोप लाग्ने गर्थ्यो, आज त्यो प्रभाव संस्थागत भएको देखिन्छ । जेलन्स्कीको सन्दर्भमा पनि उनी पश्चिमा राष्ट्रहरूको प्रोक्सी भएको आरोप रुसले लगाउने गर्छ।

नेपाल जस्तो दुई विशाल शक्ति राष्ट्रहरूको बिचमा रहेको मुलुकमा कुनै नयाँ र अपारम्परागत शक्तिको उदय हुँदा, उसलाई वैदेशिक शक्तिले कसरी प्रयोग गर्छन् भन्ने कुरा अत्यन्तै संवेदनशील हुन्छ। कतै नयाँको नाममा विदेशी एजेन्डा अझै बलियोसँग त आउँदैन ? यो प्रश्नमा सचेत हुन जरुरी छ। साँचो जेलन्स्की युग तब मात्र सफल हुन्छ, जब नेतृत्व दाताको निर्देशनमा होइन, राष्ट्रिय स्वार्थको जगमा उभिन्छ।

**नायकत्वको नाममा अधिनायकवाद**

लोकप्रियताको एउटा नराम्रो पक्ष भनेको पर्सानालिटी कल्ट (व्यक्ति पूजा) हो। जब जनताले कुनै एक व्यक्तिलाई मुक्तिदाता वा मसिहा मान्न थाल्छन्, तब लोकतान्त्रिक संस्थाहरू कमजोर हुन सक्छन् । इतिहासले देखाएको छ कि नयाँ भनिएका धेरै नेताहरू पछि गएर उस्तै वा झन् बढी निरंकुश भएका छन्।

नेपालले खोजेको परिवर्तन केवल अनुहारको फेरबदल होइन । यदि नयाँ आउनेहरूले पनि विधि र पद्धतिभन्दा माथि आफूलाई राख्न खोजे भने, त्यो अर्को ठुलो धोका हुनेछ। नेपाललाई नायक (Hero) मात्र होइन, प्रणाली (System) सुधार्ने एउटा राजनीतिक संस्कार चाहिएको हो। नेपाली राजनीतिमा जेलन्स्की युग को चर्चा हुनु भनेको जनताले परिवर्तन खोजेको स्पष्ट संकेत हो। यसले पुराना दलहरूलाई सुध्रिने वा सकिने चेतावनी दिएको छ। तर, परिवर्तनको यो लहर भावनामा मात्र बग्नुहुँदैन।

साँचो अर्थमा नयाँ युगको सुरुवात हुन केवल अनुहार फेरिनु पर्याप्त हुँदैन; त्यसका लागि केही आधारभूत सर्तहरू अनिवार्य रूपमा पूरा हुनुपर्छ। पहिलो, नीतिगत स्पष्टता आवश्यक छ। खाली पुरानाको विरोध गरेर होइन, देश कसरी बनाउने भन्ने ठोस दृष्टि, योजना र कार्यदिशा प्रस्तुत गर्न सक्नुपर्छ।

दोस्रो, संस्थागत लोकतन्त्र बलियो हुनुपर्छ । राजनीतिक दलहरू कुनै एक व्यक्तिको निजी कम्पनीजस्तै होइन, आन्तरिक लोकतन्त्र, बहस र जवाफदेहिताका आधारमा सञ्चालन हुनुपर्छ। तेस्रो, आर्थिक पारदर्शिता अपरिहार्य छ । दलहरूको आम्दानी र खर्च खुला, जवाफदेही र पारदर्शी नहुँदासम्म दाता र बाह्य प्रभावबाट मुक्त राजनीति सम्भव हुँदैन। यी सर्तहरू पूरा भए मात्र परिवर्तन नारामा सीमित नभई प्रणालीगत र दिगो बन्न सक्छ।

अन्ततः, जेलन्स्की एक व्यक्ति मात्र होइनन्, उनी एउटा प्रवृति हुन् । नेपालमा यो प्रवृत्तिको उदयले जनतामा आशा जगाएको त छ, तर यो आशालाई निराशामा बदल्न नदिने चुनौती पनि उत्तिकै छ। यदि नयाँ नेतृत्वले इमानदारी र कार्यक्षमता देखाउन सक्यो भने मात्र नेपाली राजनीतिको यो 'नयाँ अध्याय' सफल मानिनेछ। अन्यथा, नाम जे दिए पनि परिणाम उही पुरानै सत्ताको खेल मा सीमित रहनेछ। नेपाललाई अब चमत्कारी नायक होइन, उत्तरदायी र जवाफदेही प्रणाली चाहिएको छ। यही नै साँचो अर्थमा नयाँ युगको प्रस्थानविन्दु हुनेछ। (घटना र विचारबाट)

# तिनाउमा खेल सप्ताह जारी

बुटवल, माघ ३ (मेसस)। तिनाउ सुरु भएको खेल सप्ताहअन्तर्गत शनिबार दोस्रो दिन विभिन्न खेलहरु सम्पन्न भएका छन्। इन्चार्ज सुन्दर बेलबासे र जीवन आचार्यको नेतृत्वमा खेलहरु भएका थिए।

सिनियर सर्टपुट, अन्तरसदनात्मक जुनियर रिले दौड, २०० मिटर दौड, डबल व्याडमिन्टन सिनियर (छात्र), जुनियर (छात्र) डच बल खेल सिनियर (छात्रा), कब•ी खेल जुनियर (छात्रा), यसैगरी लङ जम्प सिनियर(छात्र), हाई जम्प सिनियर (छात्र) सम्पन्न भएका छन्।

त्यस्तैगरी तेक्वान्दो, छात्रा र छात्रा, छात्र जुनियर छात्रा सिनियर, लङजम्प, हाईजम्प छात्रा, सिनियर छात्रका खेल सम्पन्न भएका छन्। यस्तै विगिनर्स खेलअन्तर्गत इनआउट खेल पनि भएका छन्। कक्षा १० का इन्चार्ज अग्निधर पोखरेलले शनिबार विभिन्न १८ वटा खेल भएको जानकारी दिए। आइतबार बाँकी १० वटा प्रतिस्पर्धा गराएर खेल महोत्सव सम्पन्न



हुने जानकारी दिए।

खेल प्रतियोगितामा विजयी विद्यार्थीहरुलाई पुरस्कार पनि वितरण गरिएको सहायक प्राचार्य सुर्य प्रसाद पाण्डेले जानकारी दिए। विद्यालयले हरेक वर्ष विद्यार्थीको अन्तरनिहीन प्रतिभा प्रस्फुटन गराउने खेल सप्ताह गर्दै आइरहेको प्राचार्य सीता पाण्डेले जानकारी दिए। विद्यालयका अध्यक्ष यज्ञमूर्ति पाण्डेले शैक्षिकसँगै विद्यार्थी सबै क्षेत्रमा अब्बल र क्षमतावान् बनाउन स्कुलले सबै विभिन्न कार्यक्रम गर्दै आएको बताए।

# ज्योतिष प्रशिक्षणात्मक गोष्ठी

बुटवल, माघ ३ (मेसस)। दक्षिण एसियाली ज्योतिष महासंघ, लुम्बिनी प्रदेशले रुपन्देहीको तिलोत्तमास्थित मणिग्राममा तन्त्र एंव ज्योतिष प्रशिक्षणात्मक गोष्ठीको एक समारोहका बिचमा लुम्बिनी प्रदेशका भौतिक पूर्वाधार तथा विकास मन्त्री भूमिश्वर ढकालले उद्घाटन गरे। सो अवसरमा बोल्दै ढकालले ज्योतिष बिधामा एकरूपता हुनुपर्ने बताए। यसको सअी सदुपयोग गरेर जीवन सार्थक बन्न सक्ने उनको भनाइ छ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका कार्यकारी निर्देशक लक्ष्मण पन्थीले सम्पूर्ण संस्कृति, परम्परा, रीतिरिवाजको अपनत्व हुनेगरी समितिले कार्यसम्पादन गरिरहेको बताए।

कार्यक्रमका अध्यक्ष,दक्षिण एसियाली ज्योतिष महासंघ केन्द्रिय एवं अन्तर्राष्ट्रिय सदस्य तथा कार्यक्रम संयोजक कान्छो ज्योतिष चुडामणि पाण्डेले शास्त्रीय, व्यवहारिक र जिम्मेवार ढंगले ज्योतिष र तन्त्रको सही प्रयोगबारे प्रशिक्षण सञ्चालन गरिएको बताए। ज्योतिष र तन्त्रमाथिका विभिन्न प्रश्नहरुको निराकरण गर्ने गरी पहिलो पटक कार्यक्रम आयोजना गरिएको उनको भनाइ छ।

उनले तन्त्र र ज्योषितको आवश्यकता, सामाजिक महत्व र दैनिक जीवनमा आवश्यक तन्त्र सम्बन्धी ज्ञानको लाभ लिएर फर्किएको बताए।

करिब २०० जनाको सहभागिता रहेको सो कार्यक्रममा निःशुल्क सहभागिताको व्यवस्था मिलाइएको थियो। सो अवसरमा नेपाल संस्कृति विश्वविद्यालयका प्रा.डा.अर्जुन भटटराईले प्रेम विवाह र सम्बन्धविच्छेदबारे ज्योतिषीय समाधान, अर्का प्रा.डामाधवप्रसाद लामिछानेले नेपाली परिवेशमा तन्त्रको प्रयोग र उपयोगिता, उपप्राध्यापक नारायणप्रसाद भण्डारीले राशीफल लेखनबारे प्रशिक्षण प्रदान गरे।

दक्षिण एसियाली ज्योतिष महासंघ, लुम्बिनी प्रदेशका महासचिव अनुप पौडेलले ज्योतिषबारेको भ्रम, अर्धज्ञान र अव्यवस्थित प्रयोगका कारण समाजमा नकारात्मक धारणालाई कार्यक्रमले चिरेको दाबि गरे। ज्योतिष ज्ञानेन्द्र पन्थीले ज्योतिषमाथिको प्रश्नको निराकरण गर्दै भविश्यवाणीमा एकरुपता ल्याउन गोष्ठी कोशेढुंगा सावित हुने बताए। सो कार्यक्रममा देशभरबाट २०० भन्दा बढीको सहभागिता रहेको महासंघका लुम्बिनी प्रदेश अध्यक्ष गजल पाण्डेको भनाइ छ।

# बालबालिका संख्या निरन्तर घट्दा जनसांख्यीकीय लाभमा जोखिम

काठमाडौं, माघ ३। नेपालको परिवार संरचनामा बालबालिका (१८ वर्षभन्दा कम) संख्या निरन्तर घट्दै गएको पाइएको छ। राष्ट्रिय जनगणना २०७८ को तथ्यांकमा आधारित रहेर राष्ट्रिय तथ्यांक कार्यालयले निकालेको 'नेपालमा बालबालिकाको अवस्था' विषयक प्रतिवेदनअनुसार परिवारमा बालबालिकाको अनुपात निरन्तर घट्दो छ। २०७८ को जनगणनाअनुसार नेपालमा कुल ९८ लाख ६९ हजार ५ सय ८३ बालबालिका छन्। जुन कुल जनसंख्याको ३४ प्रतिशत हो। २०५८ सालको जनगणनाअनुसार जनसंख्यामा बालबालिकाको हिस्सा ४६ प्रतिशत थियो। २० वर्षमा १२ प्रतिशत बिन्दुले बालबालिका संख्या घटेको छ। २०६८ सालमा ४२ प्रतिशत थियो। कार्यालयले गरेको प्रक्षेपणमा २१०८ सालसम्म बालबालिकाको प्रक्षेपित अनुपात २२ प्रतिशतमा सीमित हुने देखिएको छ। कार्यालयका उपप्रमुख तथ्यांक अधिकारी ढुण्डिराज लामिछानेका अनुसार नतिजाले नेपालमा बालबालिकाको जनसंख्या स्पष्ट घट्दो क्रममा रहेको देखाएको छ। त्यसमा पनि बालबिवाह, गरिबी, आर्थिक सक्रियता, बसाइँसराइ र मानसिक स्वास्थ्यजस्ता चुनौतीसँग बालबालिका जुधिरहनुपरेको समेत देखिएको छ। यस्ता चुनौती समाधानका लागि लक्षित, समावेशी र प्रभावकारी नीतिगत हस्तक्षेप अपरिहार्य रहेको प्रतिवेदनको निष्कर्ष छ।

बालबालिका संख्या निरन्तर घट्दा नेपाल निकट भविष्यमै अधिक उमेरको जनसंख्या धेरै रहेको मुलुकमा पुग्ने छ। यसले आर्थिक रूपमा सक्रिय जनसंख्या कम हुँदा मुलुकले जनसांख्यिक लाभ लिनबाट वञ्चित हुने स्पष्ट संकेत देखिएको छ।

तथ्यांक अनुसार नेपालका ७१ प्रतिशत घरपरिवारमा बालबालिका छन्। कर्णाली प्रदेशमा सर्वाधिक ८१ प्रतिशत र बागमती प्रदेशमा सबैभन्दा कम ६२ प्रतिशत घरपरिवारमा कम्तीमा एक जना बालबालिका रहेको तथ्यांक छ। एक चौथाइभन्दा बढी अर्थात् २९ प्रतिशत घरपरिवारमा एक जना पनि बालबालिका नरहेको देखिन्छ। बालबालिका नभएका घरपरिवारको अधिक संख्या बागमती र गण्डकी प्रदेशमा बढी देखिएको छ। यी दुवै प्रदेश मानव विकास सूचकांक उच्च रहेका प्रदेश हुन्। कुल जनसंख्यामा हिसाब गर्दा सबैभन्दा धेरै बालबालिका मधेस प्रदेशमा २४ प्रतिशत र सबैभन्दा कम कर्णाली र गण्डकीमा ७/७ प्रतिशत छ। तथ्यांकअनुसार राष्ट्रियस्तरमा प्रतिपरिवार अहिले १.५ जना बालबालिका छन्। मधेस्मा भने प्रतिपरिवार २.१ जना बालबालिका रहेको तथ्यांक छ। बागमतीमा राष्ट्रिय औसतभन्दा पनि कम १.१ प्रतिशत बालबालिका रहेको देखिएको छ।

राष्ट्रियस्तरमा आधाभन्दा बढी (५३ प्रतिशत) बालबालिका ०.९ वर्ष उमेर समूहको रहेको समेत तथ्यांकले देखाएको छ। नेपालका बालबालिकामध्ये ४५ प्रतिशत अतिविपन्न र विपन्न समूहभित्र पर्ने र यसले बालबालिकाको जोखिमजन्य अवस्था इङ्गित गर्ने समेत प्रतिवेदनले औँल्याएको छ। तथ्यांकअनुसार ५ प्रतिशत बालबालिकाको १६-१७ वर्षको उमेर समूहमा विवाह भइसकेको देखिएको छ। यस्तो दर सबैभन्दा धेरै कर्णालीमा ९ र सबैभन्दा कम बागमतीमा ३ प्रतिशत छ। विवाहित किशोरीमध्ये २६ प्रतिशत कलिलो उमेरमै गर्भवती हुने र ३७ प्रतिशत बालिबालिका मात्र विवाहपछि पनि विद्यालय गइरहेको तथ्यांक देखाएको छ। अविवाहितमध्ये पनि ८९ प्रतिशत बालबालिका मात्र विद्यालय गइरहेको देखिएको छ। विवाहितमध्ये ५२ प्रतिशतले विद्यालय छाडेको र ११ प्रतिशत कहिल्यै विद्यालय नगएका बालबालिकाको संख्या छ। विवाहितमध्ये ६१ प्रतिशत बालबालिका आर्थिक रूपले सक्रिय रहेको देखिएको छ। तथ्यांकले नेपालमा बालश्रम समेत अझ झाँगिदै गएको संकेत गरेको छ। १० देखि १७ वर्ष उमेरमा आर्थिक रूपले सक्रिय बालबालिका संख्या ३२ प्रतिशत छ। त्यसमध्ये पनि १४ वर्षभन्दा कम उमेरका बालबालिका संख्या ३३ प्रतिशत छ। यस्तो संख्या कर्णालीमा सबैभन्दा बढी ४० प्रतिशत छ। आर्थिक रूपले सक्रिय बालबालिकामध्ये चार जनामा तीन भने अतिविपन्न र विपन्न वर्ग समूहभित्रका छन्। यसले गरिबी र सम्भावित बालश्रमतर्फ इङ्गित गरेको प्रतिवेदनमा देखिन्छ। देशभरि ३१ हजार ५ सय १२ बालबालिका घरमुलीको रूपमा छन्। यो ०.५ प्रतिशत हो। कुल बालबालिकामध्ये १ प्रतिशतमा कुनै न कुनै प्रकारको अपाङ्गता भएको देखिएको छ। २०७८ सालको जनगणना अनुसार एक चौथाइ बालबालिकाको जन्मदर्ता नै नभएको पाइएको छ। यो प्रवृत्ति सहरी क्षेत्रमा अधिक छ। यसो हुनुमा बालबालिकाका लागि उपलब्ध अनुदान हो। सोहीकारण कर्णाली र सुदूरपश्चिममा जन्मदर्ता दर अधिक छ। तथ्यांक अनुसार ७७.९ प्रतिशत बालबालिका आमा र बाबु दुवै जनासँगै बसिरहेको देखिन्छ। आमासँग मात्र बसिरहेका बालबालिका १७ र बुबासँग मात्र बसिरहेका बालबालिका १ प्रतिशत छन्। बालबालिकाको स्वदेश भित्रैको बसाइसराइ दर १२ प्रतिशत छ। बागमतीमा यो सबैभन्दा धेरै १३ र मधेसमा सबैभन्दा कम १० प्रतिशत छ। बसाइँसराइ गरेका बालिबालिकाको ठुलो हिस्सा अर्धसहरी इलाकामा बढी (६६ प्रतिशत) देखिएको छ। अतिसम्पन्न र सम्पन्न परिवारमा बसाइसराइ अधिक रहेको समेत तथ्यांकले देखाएको छ। देशभरि औसत ९० प्रतिशतभन्दा अधिक बालबालिका विद्यालय गइरहेको र १० प्रतिशत विद्यालय बाहिर रहेको देखिन्छ। मधेसमा भने ८१ प्रतिशत बालबालिका मात्र नियमित विद्यालय जाने समूहमा परेका छन्। निरक्षर बालबालिका संख्या देशभरि ६ प्रतिशत छ। मधेसमा १४ प्रतिशत छ।

## CHHATRADEV RURAL MUNICIPALITY
### OFFICE OF RURAL MUNICIPAL EXECUTIVE
CHHATRAGUNJ, ARGHAKHANCHI

### Invitation For Sealed Quotations

**Date of Publication: 2082/10/04 (18th January, 2026)**

Chhatradev Rural Municipality, Office of Rural Municipal Executive invites electronics bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following works under Sealed Quotation. All other Information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**For Bid document Fee (NRs 1000)**
**Name of the Bank:** Nabil Bank Ltd., Chhatragunj Branch
**Name of Office:** Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
**Office Account no.:** 21401017500033 (Ga-1.1 Aantarik Rajaswa Khata)
**For Bid Security (As per Table)**
**Name of the Bank:** Nabil Bank Ltd., Chhatragunj Branch
**Name of Office:** Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
**Office Account no.:** 21401017500025 (Ga 3 Dharauti Khata (Chhatradev RMCP))
**Last Date of Bid Purchase and Submission:** 02nd February, 2026 (2082/10/19) 12:00 Hrs.

| S N | Name of Project/Contract No. | Estimated Amount Excluding VAT (NRP) | Bid Security Amount (NPR) | Bid Validity/ Bid Security Validity (days) |
|---|---|---|---|---|
| 1 | Construction of Wall at Dundruk Health Post Chhatradev-03 CRM/ARG/SQ/W/18/082/83 | 8,65,439.06 | 28,000/- | 45/75 days |
| 2 | Ward No 5 ka Bivinna Yojana Haru (7 Nos) CRM/ARG/SQ/W/19/082/83 | 11,72,497.81 | 38,000/- | 45/75 days |
| 3 | Ward No 7 ka Bivinna Yojana (4 Nos) CRM/ARG/SQ/W/20/082/83 | 6,50,583.13 | 21,000/- | 45/75 days |
| 4 | Suryathum Main Road To Campus Gate RCC Works CRM/ARG/SQ/W/21/082/83 | 3,44,442,80 | 11,000/- | 45/75 days |

Lumbini Provincial Government
**Ministry of Social Development**
**Education and Social Development Directorate**

## Social Development Division Office
Taulihawa, Kapilvastu

### Invitation for E-Bids

**Notice Publication Date: 2082/10/04**

Social Development Division office, Kapilvastu invites the electronic bids from eligible bidders for the following project under Sealed Quotation bidding. The detailed notice can be assessed from https://www.bolpatra.gov.np/egp/.

| S. No | IFB/RFP/EOI/PQ No. | Brief Description of works | Estimated cost with VAT & PS (Nrs.) | Bid Security (Nrs.) | Bid Document Fee (Nrs.) |
|---|---|---|---|---|---|
| 1 | SQ.TRIPURESHWORAABI-19/2082-83 | Maintenance Works of Shree Tripureshwor Aabi, Shivraj-08 Mahuli Kapilvastu | 15,52,483.36 | 40,000/- | 1,000/- |
| 2 | SQ.SAMAITHANMABI-20/2082-83 | Construction of remaining building works shree samayathan secondary school, shivraj-04 kharendrapur | 15,48,638.64 | 40,000/- | 1,000/- |
| 3 | SQ.MADRASAKULLIYA-21/2082-83 | Construction of School Building of Madrasa Kulliya Sumiya, Mayadevi-04 | 15,48,567.06 | 40,000/- | 1,000/- |
| 4 | SQ.LAXMANPURAABI-22/2082-83 | Construction of school Building of Laxmanpur Aa.Bi, Shivraj-08 Bilrahawa | 15,50,714.08 | 40,000/- | 1,000/- |

**Deadline for Bid Submission: 2026/02/02 11:00**
**Date & Time for Bid Opening: 2026/02/02 12:00**

## SHIVRAJ MUNICIPALITY
### Office of the Municipal Executive
Chandrauta, kapilvastu, Lumbini province, Nepal

### Invitation For Electronic Bids

**First Date of Publication: 2082/10/04 (18th Jan 2026)**

1. Shivraj Municipality Office, Chandrauta Kapilvastu invites only electronic bids from eligible bidders for the procurement of contract mentioned in table below.

| S. N. | Contract Identification No. | Works Description | Estimated Amount inclusive VAT and PS (NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | 43/SM/NCB/ W3/082/83 | Upgrading of Sonwagad mandir, Bhiteriya road, naharchowk road and Ghiddhaura road shivraj-3. | 2552688.27 | 3000 | 65000 |
| 2 | 44/SM/NCB/ W4/082/83 | Samayathan ma.vi. Adhuro bhawan nirman | 3262121.76 | | 80000 |

2. Date of purchasing, submission and opening of bids:

| Last Date of Purchase and Submission of Bids | Date of Pre-Bid Meeting | Date of Opening of Bids | Employers Bank Account for the Purchasing of Bid Documents | Employers Bank Account to Deposit Bid Security |
|---|---|---|---|---|
| 2082/11/05 (2026-2-17) Time: 12:00 Noon Shivraj Municipality | - | 2082/11/05 (2026-2-17) Time: 13:00 Shivraj Municipality | Nepal Bank, Chandrauta Branch, Kapilvastu 22803000001001000001 Aantarik Rajaswo khata | Nepal Bank, Chandrauta Branch, Kapilvastu 22803000003000000001 Dharauti khata |

3. Eligible Bidders may obtain further information at Shivraj Municipality office, Kapilvastu, phone No; 076-540118, 076-540147, 9857014755 and email address: shivrajmunicipality@gmail.com OR may visit PPMO's web site http://www.bolpatra.gov.np/egp.

**Chief administrative Officer**

## मालपोत कार्यालय अर्घाखाँचीबाट तिलकराम बन्जाडे र छमकला बन्जाडे नामको जग्गा नामसारी सम्बन्धि विषयमा मिति २०८२।९।२८ मा जारी भएको ३५ दिने सार्वजनिक सुचना

यसमा जिल्ला अर्घाखाची सन्धिखर्क नगरपालिका वडा नं. ११ मा बस्ने तिलकराम बन्जाडे र छमकला बन्जाडेको छोरी सारदा भुसालले आफ्नो बुबा तिलकराम बन्जाडे मिति २०८२।०७।२६ गते मृत्यु भएको निज तिलकराम बन्जाडेको तीन वटी श्रीमती जेठी रुपा बन्जाडेको मिति २०४६।५।१३ गते मृत्यु भएको निज रुपा बन्जाडेबाट एकमात्र सन्तान छोरी शारदा बन्जाडे भएको माइली श्रीमती जालपी बन्जाडे रहेको निजको मृत्यु मिति २०७३।११।१२ मृत्यु भएको निज जालपी बन्जाडेबाट सन्तान नभएको कान्छी श्रीमती छमकला बन्जाडे भएको निज छमकला बन्जाडेको मिति २०८२।०७।२६ गते मृत्यु भएको निज छमकला बन्जाडेबाट कुनै पनि सन्तान नभएको हुदा मृतक बुवा तिलकराम बन्जाडेको नाममा साविक अर्घातोष गाविस वडा नं. १ मा रहेको कि.नं. १०७९, १०८१, १०८९, १०८३ र १०९३ क्षेत्रफल ६६७१, २३५१, ४७९, ९५४३ र ४८४७ क्रमशका जग्गाहरु र आमा अर्घातोष गाविस वडा नं. १ मा रहेको कि.नं. १०७८, १०८०, १०८८, १०९० र १०९१ र क्षेत्रफल २-९-३-१, ०-१४-३-०, ०-२-२-३, १-१४-२-० र ०-३-०-० क्रमशका जग्गाहरु मेरा नाममा एकलौटी नामसारी गराई पाउ भनी सन्धिखर्क नगरपालिका वडा नं ११ को च.नं ५६२ मिति २०८२।९।२४ को सिफारिस सहित माग निवेदन पेश गरेको निजहरुको मिसिल प्रमाण हेर्दा जग्गाधनी तिलकराम बन्जाडे र छमकला बन्जाडेको नाममा कायम रहेको जग्गा छोरी शारदा भुसालको नाममा नामसारी गर्न मिल्छ वा मिल्दैन ? निज जालपा बन्जाडे र रुपा बन्जाडेबाट कुनै सन्तानको जन्म भएको हो वा होइन ? निज दम्पतीहरुबाट छोराहरुको जायजन्म भएको हो वा होइन ? सो जग्गाको हकवाला अन्य व्यक्ति भए उक्त सम्पति लिन दावि विरोध छ वा छैन ? निवेदकले भने बमोजिमको व्यहोरा ठिक हो वा होइन ? पछिसम्म फरक नपर्ने गरी र निवेदक बाहेक अन्य हकवालाका नाममा माथि उल्लेखित जग्गा नामसारी गर्नुपर्ने अवस्था छ वा छैन ? निवेदकले भने बमोजिमको व्यहोरा ठिक हो वा होइन ? उक्त जग्गामा कोही कसैको दावी विरोध भएमा यो सूचना जारी भएको मितिले बाटोको म्यादवाहेक ३५ (पैतिस) दिनभित्र दावी विरोधका लागि स-प्रमाण यस कार्यालयमा आउनुहोला अन्यथा निवेदकको माग बमोजिम तपशिलको जग्गा निवेदक शारदा भुसाल नाममा एकलौटी नामसारी भै जाने व्यहोरा सम्बन्धित सबैको लागि सुचित गरिन्छ।

| सि नं. | गा .वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अर्घातोष | १ | १०७९, १०८१, १०८९, १०८३ १०९३ | ६६७१, २३५१, ४७९, ९५४३ ४८४७ | खर आवादी आवादी खर आवादी | जग्गाधनिको नाम : तिलकराम बन्जाडे नामसारी माग गर्ने : शारदा भुसाल |
| २ | अर्घातोष | १ | १०७८, १०८०, १०८८, १०९०, १०९१ | २-९-३-१, ०-१४-३-०, ०-२-२-३, १-१४-२-०, ०-३-०-० | खर आवादी आवादी आवादी आवादी | जग्गाधनिको नाम : छमकला बन्जाडे नामसारी माग गर्ने : शारदा भुसाल |

प्रत्येक दिन आयूर्वेद चिकित्सक द्वारा उपचार तथा परामर्श
पायल्स, फिसर, फिस्टुला
क्षारसुत्र विधिद्वारा विशेष उपचार






डा. सन्तोष गौतम
– बरिष्ठ आयुर्वेद चिकित्सक –
२० वर्ष अनुभवी
दिशा गर्दा दुख्ने, रगत आउने, मासु पलाएको, घाउ भएको, पिप बग्ने, चिलाउने, कब्जियत एवम् सम्पूर्ण रोगको सफल उपचार तथा परामर्श
यौन तथा प्रजनन
यौन चाहना नहुने, उत्तेजना नहुने, यौन सन्तुष्टिमा कमि , सिघ्र स्खलन हुने, सेतो पानी बग्ने, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, यौन अंग चिलाउने, यौन अंगमा घाउ आउने आदि समस्याको गोपनियताको साथ सफल उपचार एवम् परामर्श
अन्य
ग्यास्ट्रिक, अल्सर, पथरी, पिनास, पिसाव पोल्ने, हात खुट्टा झमझमाउने, जोर्नी दुख्ने, बाथ, यूरिक यसिड, कब्जियत आदि रोगको सफल उपचार तथा परामर्श
माता मनकामना आरोग्य केन्द्र
राजमार्ग चौराह, बुटवल (चौराह चोक देखि १०० मि. उत्तर मेन रोड)
०७१-५३८८९३, ९८४७३५२१२७

## काठ/दाउरा कटान मुछान तथा घाटगद्दी सम्बन्धी सच्चाइएको सूचना

यस सामुदायिक वन उपभोक्ता समुहको मिति २०८२/०९/२९ गते मेचीकाली सन्देश राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशीत सुचनामा जय दुर्गा भवानी सामुदायिक वन उपभोक्ता समुह, राप्तीसोनारी-०२, बाँके हुनुपर्नेमा अशोक सामुदायिक वन उपभोक्ता समुह, राप्तीसोनारी-०२, बाँके भएकोले सो सुचना सच्चाइएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**श्री जय दुर्गा भवानी सामुदायिक वन उपभोक्ता समुह**
राप्तीसोनारी-०२, बाँके

इट्टा चाहिएमा !
तपाईहरुको शहर भैरहवा बुटवलमा बलियो, भरपर्दो तथा टिकाउ L.B.F. मार्का इट्टा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला।



मार्का
सम्पर्क: पडसरी-५, ठुटीपिपल, रुपन्देही
फोन: ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३ फ्याक्टी
नोटः पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाची लगायत अन्य जिल्लाहरुमा पनि ट्रकमा पठाउने व्यवस्था छ।

# भरतपुरको मुहार फेरेर बिदा लिँदै मेयर 'रेनु दाहाल'



चितवन, माघ ३ । नौ वर्षअघि भरतपुर महानगरपालिकाको प्रमुखमा निर्वाचन लड्न आउँदै गर्दा रेनु दाहाललाई धेरैले 'प्रचण्डकी छोरी' भनेर चिने । नौ वर्ष भरतपुरको मुहार फेरेर बिदा हुँनै लाग्दा उनलाई भरतपुरवासीले मात्रै होइन सिङ्गो देशवासीले विकासको पर्याय भनेर चिन्ने अवस्थामा पुऱ्यायो । यो अवस्था आउनुमा दाहालले खेलेको भूमिका भरतपुरवासीका लागि चिरस्मरणीय रहने छ । त्यसो त साँघुरो राजमार्ग, खाल्डाखुल्डी सहितका धुलाम्य सडकहरू, जीर्ण विद्यालय भवनजस्ता समस्यै समस्याले जेलिएको भरतपुरलाई अहिलेको अवस्थामा पुऱ्याउनुमा उनले रातदिन नभनी खेलेको भूमिका भरतपुरवासीले कहिल्यै भुल्ने छैनन् ।

फराकिला र चिल्ला सडकमा रातिको समयमा पनि झलमल्लको उज्यालो छर्दै शिक्षा, स्वास्थ्य, कृषि र पर्यटन जस्ता क्षेत्रमा गरेको सुधार उनलाई भरतपुरले बिर्सन नसक्ने बनाउने कामहरू हुन् । वर्षातको समयमा रातमा निदाउँन नपाउने नारायणी तटीय क्षेत्रका बासिन्दा लाग्छ वर्षायामको रातमा पनि रेनुलाई सपनामा देख्दै निदाउने समय आएको छ । झण्डै नौ वर्ष अघि विसं.२०७४ मा भरतपुर आउँदाको स्मरण गर्दै दाहालले भने,'वैशाख ३० गते देशका ७५३ स्थानीय तहमा पहिलोपटक निर्वाचन हुँदै थियो ।

भरतपुर महानगरको नगर प्रमुख पदमा मैले उम्मेदवार दिएर निर्वाचन प्रसारप्रसार गर्न जाँदाका दिनहरूको स्मरण अझै पनि ताजै छन् ।' उनले भावुक हुँदै भनिन्,'वैशाखको उखरमाउलो गर्मीमा पश्चिम चितवन सुक्खा थियो, मकैंका बिरुवाहरू सुक्न थालेका थिए । नजिकै नारायणी बगिरहेको छ, बर्खामा मात्रै पानी आउने नहर त थियो तर हिउँद र गर्मीमा सधैं सुक्खा ।'

आफूले भरतपुरको विकासको लागि आफ्नो जीवनको महत्वपूर्ण एक दशक समय खर्चिए भन्दै उनले अगाडि थपिन्,'मेरा आफ्ना निजी चाहाना र विषयहरूलाई पन्छाएको छु । हर समय, अविरल, अनवरत र निरन्तर भरतपुर कै विकास र यहाँका जनताको सुखदुःखमा आफूलाई एकाकार बनाएको छु ।' त्यसको अनुभूति भरतपुरवासीले पक्कै गर्नुभएको छ भन्ने विश्वास आफूले लिएको उनले बताइन् । आफूलाई भरतपुरको मायाले काठमाडौं बस्न नदिएको भन्दै उनले भनिन्,'न त निजी काममा रमाए नै, सारा समय नै भरतपुरको उन्नती, प्रगति, समृद्धि र विकासका लागि खर्चिएकामा मलाई गर्वको अनुभूति हुने गरेको छ ।' यी पलहरू आफ्नो जीवनमा सधैं स्वर्णिम रहने उनको विश्वास छ । उनले थपिन्,'बदलिएको भरतपुर, विकसित भरतपुर, समृद्ध, हरियाली र उज्यालो भरतपुर आज हामीले पाएका छौं ।'

आफू पहिलोपटक भरतपुरको चुनावी प्रचारमा जाँदा विद्यालय भवनहरू जीर्ण, स्वास्थ्य सेवा भरतपुरको कोर क्षेत्रमा सीमित, किसानहरू दुध बिक्री नभएर सडकमा पोख्नुपर्ने अवस्था, आर्सेनिक मिसिएको पानी खानुपर्ने विवशता, विद्यालय जाने उमेर समूहका कतिपय बाबुनानीहरू विद्यालय नजाने अवस्था देख्दा आफूलाई यी सबैको समाधान त्यति बेलादेखि नै सपना देख्ने गरेको उनले बताइन् । उनले भनिन्,'जनताको घरदैलो गर्दैगर्दा यी यावत समस्याहरूले मेरो मथिङ्गल हल्लाउथ्यो । सोच्दा पनि कहाली लाग्दा थिए ।' यी सबैलाई एकएक गर्दै समाधान गर्नुपर्ने चुनौती आफूमा रहेको भन्दै उनले भनिन्,'भरतपुरमै जन्मिएको, यहीँको माटोमा मेरो नाँभी गाँडिएको एक छोरी हुनुको नाताले यहाँको विकासका लागि मैले केही पक्कै गर्नुथियो । चुनौतीहरूको सामना गर्ने अवसर पनि प्राप्त भयो ।' दाहालले आफू प्रमुख हुने बेला कालोपत्रे सडकमा हिँड्न पूर्वपश्चिम राजमार्गमा नै आउनुपर्ने बाध्यता रहेको स्मरण गरिन् तर आज घरघरमा र खेतखेतसम्म पनि कालोपत्रे सडक बनिसकेको उनको भनाइ छ । उनले भनिन्,'भएका साँघुरा सडक फराकिला र कालोपत्रे बनेका छन्, बर्खामा डुब्ने सडकमा नाली बनाएका छौं ।' भरतपुरको केन्द्र भागबाट बढीमा ३० मिनेटमा हरेक गन्तव्यमा पुग्न सकिने गरी सडक निर्माण भएको छ। महानगरपालिकामा बितेका नौ वर्षमा एक हजार ७२ किलोमिटर नयाँ सडक कालोपत्रे भएको छ। उनले भनिन्,'पूर्वपश्चिम राजमार्ग भन्दा लामो सडक हामीले भरतपुरमा कालोपत्रे गरेका छौं,' उनले थपिन्,'अनि हामीले सडक मात्रै कहाँ बनायौं र? सडक बत्तीहरू राख्यौं, झिलिमिली बनायौं, अँध्यारो हटायौं, डर हटायौं। भरतपुरवासीको आत्मविश्वास जगायौं ।' सडक र सहर नै फोहर र कुरूप पार्ने बिजुलीका तारहरूलाई जमिनमुनी गाडेको भन्दै उनले मुख्य बजार र राजमार्ग क्षेत्रको २३ किलोमिटर सडकमा विद्युत् तारलाई भूमिगत बनाएको बताइन् । स्मार्ट सडक बत्ती, हाई तथा मिनी मास्ट जडान गरेको, २०६ किमीमा सडक बत्ती, महानगरका विभिन्न सडक चोकमा ९१ वटा हाइमास्ट तथा मिनिमाष्ट जोडेर भरतपुरलाई उज्यालो सहर बनेको छ ।

भरतपुर महानगरपालिकालाई डिजिटल प्रणालीमा प्रविष्ट गर्न डिजिटल हाउसहोल्ड नम्बरिङ्गको काम सुरु भएको छ भने अत्याधुनिक प्रविधि जडित ४१८ वटा सिसिटिभी क्यामेरा महानगरका मुख्य तथा संवेदनशील क्षेत्रमा जोड्ने काम भइरहेको छ । यसले अपराध नियन्त्रण र सवारी दुर्घटना रोक्न महत्वपूर्ण भूमिका खेल्ने छ । सडक पूर्वाधारमा अर्को ऐतिहासिक काम नेपालकै सबैभन्दा लामो ८८ दशमलज छ किमी चक्रपथ (रिङरोड) निर्माण संघीय सरकारको सहयोगमा गरिएको छ ।

महानगरपालिकाको पहलमा संघीय सरकारबाट अर्बौको लागतमा नारायणी नदीमा तटबन्ध गरेर समस्याको दीर्घकालिन समाधान गरिएको छ । तटबन्ध गरिएको ठाउँहरू भोलिका दिनमा पर्यटकीय केन्द्र बन्न सक्ने आधार तयार भएको छ ।

# आम्दानी ३८, खर्च ३५ प्रतिशत

काठमाडौं, माघ ३ । चालू आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक समीक्षा अवधिमा सरकारको आम्दानी र खर्च दुवै कमजोर देखिएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार पुस मसान्तसम्ममा वार्षिक लक्ष्यको तुलनामा केन्द्र सरकारको आम्दानी ३८ र खर्च ३५ प्रतिशतमा खुम्चिएको छ । चालू आर्थिक वर्षका लागि सरकारले रु.१९ खर्ब ६४ अर्ब ११ करोडको बजेट ल्याएको थियो । पुस मसान्तसम्ममा रु.छ खर्ब ९० अर्ब २१ करोड ५४ लाख बराबर खर्च भएको छ ।

जुन वार्षिक लक्ष्यको ३५ दशमलव १४ प्रतिशत हुन आउँछ । यो अवधिको चालूगत शीर्षकको बजेट खर्च वार्षिक लक्ष्यको ४१ दशमलव २५ प्रतिशत छ । चालू शीर्षकमा रु.११ खर्ब ८० अर्ब ९८ करोड बजेट विनियोजन भएकोमा हालसम्म रु.चार खर्ब ८७ अर्ब १४ करोड ३१ लाख खर्च भएको छ । पुँजीगत शीर्षकको बजेट खर्च १२ दशमलव १२ प्रतिशतमा खुम्चिएको छ । चालू आवका लागि रु.चार खर्ब सात अर्ब ८८ करोड ८० लाख बराबरको विकास बजेट ल्याइएकोमा हालसम्म रु.४९ अर्ब ४२ करोड ५४ लाख बराबर मात्रै खर्च हुन सकेको हो । त्यस्तै, वित्तीय व्यवस्था शीर्षकमा चालु आवका लागि रु.तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख बजेट छुट्याइएकोमा पुस मसान्तसम्ममा रु.एक खर्ब ५३ अर्ब ६४ करोड ४९ लाख बराबर खर्च भएको छ । यो शीर्षकको खर्च वार्षिक विनियोजनको ४० दशमलव ९५ प्रतिशत हो । यस वर्ष सरकारले रु.१५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख कूल आम्दानी गर्ने लक्ष्य राखेको छ । पुस मसान्तसम्मको प्राप्ति भने रु. पाँच खर्ब ८८ अर्ब ५१ करोड ४२ लाख अर्थात् वार्षिक लक्ष्यको ३८ दशमलव ३८ प्रतिशत छ। यसरी सरकारको अर्धवार्षिक अवधिको कूल आम्दानीभन्दा कूल खर्च रु.एक खर्ब एक अर्ब ७० करोड १२ लाखले बढी देखिएको छ ।

राजस्वतर्फ रु.१४ खर्ब ८० अर्बको वार्षिक लक्ष्य रहेकोमा हालसम्म ३९ दशमलव ०१ प्रतिशत अर्थात रु.पाँच खर्ब ७७ अर्ब ४० करोड प्राप्ति भएको छ । जसमध्ये कर राजस्वतर्फ वार्षिक लक्ष्यको ३८ दशमलव ९३ प्रतिशत अर्थात रु.पाँच खर्ब १६ अर्ब ११ करोड ५१ लाख र गैरकर राजस्वतर्फ वार्षिक लक्ष्यको ३९ दशमलव ६९ प्रतिशत अर्थात रु. ६१ अर्ब २८ करोड ४८ लाख प्राप्ति भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ । यस आवमा रु.५३ अर्ब ४४ करोड ६९ लाख बराबर वैदेशिक अनुदान लिने सरकारको लक्ष्य रहेकोमा अर्धवार्षिक समीक्षा अवधिसम्ममा रु.सात अर्ब १० करोड ६९ लाख अर्थात वार्षिक लक्ष्यको १३ दशमलव तीन प्रतिशत उठेको पनि कार्यालयले जनाएको छ ।

## Lumbini Province Government
## Ministry of Urban Development and Water Supply
## Urban Development and Building Office
Rupandehi

### *Invitation for Sealed Quotation And NCB*

*Date of Publication: 2082/10/04 B.S. (18/01/2026 A.D.)*

Urban Development and Building Office, Rupandehi invites bids for the construction of following works under NCB/SQ Procedures. All other information and Bid Documents can be downloaded from PPMO's website ***www.bolpatra.gov.np/egp***. All eligible bidders are requested to submit bid ***by electronic only*** with the requested documents within the mentioned period. For more information, please visit *https://udborupandehi.lumbini.gov.np/*

| S.N. | Contract ID No./ Bid No./IFB No. | Work Description | Estimate Amount (without VAT & Contingency), NRs | Bid Security Amount, NRs | Bid Document Fee, NRs | Last Date of Bid Submission and Time |
|---|---|---|---|---|---|---|
| 1 | UDBO/RUP/ WORKS/12/ NCB/82/83-41 | Jugadihawa Gau to South Basti Bikash (Drain Works), Suddhodhan- 4, Rupandehi. | 2418107.57 | 70,000.00 | 3,000.00 | 2082/10/19 BS (02/02/2026 AD) For SQ and 2082/11/05 BS (17/02/2026 AD) For NCB upto 12:00 hours |
| 2 | UDBO/RUP/ WORKS/12/ NCB/82/83-42 | Rehara to Suddhodhan Ga.Pa. Basti Bikash (Road Works), Suddhodhan -5,Rupandehi. | 2,764,612.25 | 80,000.00 | 3,000.00 | |
| 3 | UDBO/RUP/ WORKS/12/ SQ/82/83-193 | Samarimai Path Basti Bikash (Road works), Siddharthanagar -4, Rupandehi. | 1,380,810.18 | 40,000.00 | 1,000.00 | |
| 4 | UDBO/RUP/ WORKS/14/ SQ/82/83-194 | Janajagaran path Remaining Road Black Topped Work,Shuddhodhan Ga.Pa.-3, Rupandehi. | 1,035,294.50 | 30,000.00 | 1,000.00 | |
| 5 | UDBO/RUP/ WORKS/14/ SQ/82/83-195 | Jugdihawa Chowk to South Siyari Ga.Pa.-6 Road Upgrading works, Suddhodhan Ga.pa.-4,Rupandehi. | 1,381,443.50 | 40,000.00 | 1,000.00 | |
| 6 | UDBO/RUP/ WORKS/12/ SQ/82/83-196 | Madhav Giri Ghar to Dinesh Chaudhary Ghar Basti Bikash (Road Works), Siddharthanagar -4, Rupandehi. | 1,381,177.02 | 40,000.00 | 1,000.00 | |
| 7 | UDBO/RUP/ WORKS/14/ SQ/82/83-197 | Meudihawa Dahachanni Path Shivapujan Ghar to Brijesh Ghar (Drain works ), Si.Na. Pa.-2, Rupandehi. | 690550.45 | 20,000.00 | 1,000.00 | |
| 8 | UDBO/RUP/ WORKS/14/ SQ/82/83-198 | Shrinagar Gau Urban Infrastructure Development(Road Works), Rohini -2, Rupandehi. | 690818.55 | 20,000.00 | 1,000.00 | |
| 9 | UDBO/RUP/ WORKS/14/ SQ/82/83-199 | Chanuli chowk to Hanuman Mandir to Gujarparuwa Road Construction Works,Rohini-1, Rupandehi. | 1,035,901.82 | 30,000.00 | 1,000.00 | |
| 10 | UDBO/RUP/ WORKS/14/ SQ/82/83-200 | Gonahiya to dumdumwa Road Black Topped works, Omsatiya-3 , Rupandehi. | 1,036,444.71 | 30,000.00 | 1,000.00 | |
| 11 | UDBO/RUP/ WORKS/14/ SQ/82/83-201 | Dindayal Ghar To Pashchimdande Mahila Bhawan Urban Infrastructure Development (Road Works), Susta-04 , Nawalparasi. | 691,346.79 | 20,000.00 | 1,000.00 | |

**Office Chief**

## लुम्बिनीमा...

'भदौपछि आन्तरिक पर्यटक आउनै पाएनन्, यहीबिचमा पोहोर जस्तो शाक्य मोलम, धार्मिक गुरुहरूको आगमन भएन,' उनले भने, 'धार्मिक गतिविधिविना लुम्बिनीमा पर्यटक आउँदैनन्, यसतर्फ लुम्बिनी विकास कोषले ध्यान दिनुपर्छ ।' अध्यक्ष शर्माले लुम्बिनीभित्र जथाभावी पार्किङ हुन थालेको र व्यवस्थापन चुस्त नहुँदा पर्यटक आर्कषित हुन नसकेको बताए । बौद्धधर्मको आस्थाको केन्द्र लुम्बिनीमा बाह्य पर्यटकको वृद्धिले केहीरूपमा उत्साह जगाए पनि आन्तरिक राजनीतिक किचलोले वातावरण बिथोलिएको छ । लुम्बिनी विकास कोषले राजनीतिक स्थिरता, विशेष गरी पूर्वपश्चिम राजमार्ग निर्माणाधीन हुँदा पर्यटकको सहज आवागमन हुन सकेको छैन । यसका अतिरिक्त पछिल्लो समय लुम्बिनी मायादेवी मन्दिरमा प्रवेशका विषयमा केही स्थानीयहरूले निःशुल्क गर्न पाउनुपर्छ भनेर माग गरेकाले तथ्यांक राख्न नसक्दा पनि तथ्यांक कम देखिएको हुन सक्ने कोषका सदस्य सचिव दीपक श्रेष्ठले बताए । 'पर्यटक घट्नुका पछाडि देशको पछिल्लो अवस्थादेखि स्थानीयस्तरका समस्याहरू पनि छन्, यस विषयमा हामी छलफल गर्छौं,' उनले भने । उनले लुम्बिनी क्षेत्रभित्र गरिएको पार्किङलाई व्यवस्थापन गर्नेबारेमा बेरियर राख्ने योजना बनिरहेको बताए ।

### बेलहिया नाका हुँदै एक लाख बढी पर्यटक भित्रिए

लुम्बिनी नजिकैको स्थलमार्ग बेलहिया नाका हुँदै नेपाल भित्रिने तेस्रो मुलुकका पर्यटकको संख्या आंशिक वृद्धि भएको छ। एक वर्षको अवधिमा १ लाख बढी पर्यटक यो नाका हुँदै नेपाल भित्रिएका हुन् । सन् २०२५ मा १ लाख ३ हजार ९ सय ५५ जना पर्यटक बेलहिया नाका हुँदै प्रवेश गरेका हुन् । यो अवधिमा १ लाख २ हजार २ हजार ४ सय ५५ जना पर्यटक यो नाका हुँदै गन्तव्यतर्फ प्रस्थान गरेको अध्यागमन कार्यालय बेलहिया, रुपन्देहीले जनाएको छ । त्यस्तै सन् २०२४ मा यो नाका हुँदै ९२ हजार ६ सय ४४ पर्यटक भित्रिएका थिए ।

त्यसैगरी ९३ हजार २ सय ९० जना पर्यटक यहाँबाट गन्तव्यतर्फ प्रस्थान गरेको कार्यालयले जनाएको छ । सन् २०२५ मा बेलहिया नाकाबाट सबैभन्दा बढी श्रीलंकाका ३४ हजार ३ सय ६६ जना पर्यटक नेपाल आएका छन् ।

त्यसपछि म्यानमारका १९ हजार ९ सय ६२, थाइल्याण्डका १९ हजार १ सय ९५, भियतनामका ७ हजार ६ सय ४५, दक्षिण कोरियाका ३ हजार ८२ र संयुक्त राज्य अमेरिकाका २ हजार १ सय ४९ जना पर्यटक नेपाल प्रवेश गरेका छन् । २०२५ सालमा सबैभन्दा बढी मार्चमा २० हजार ७ सय २० पर्यटक नेपाल आएका छन् । त्यस्तै फ्रेअुबरीमा १७ हजार ८ सय ७१, नोभेम्बरमा १६ हजार ३ सय ५, अक्टोबरमा ११ हजार ६ सय ९७ र डिसेम्बरमा १० हजार ७ सय २० जना पर्यटक आएका हुन् । पछिल्ला वर्ष बेलहिया नाकाबाट भित्रिने राहदानीबाहक (तेस्रो मुलुक) का पर्यटकको संख्या बढेको छ ।


**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाइको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, विजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङको बेला पनि सेवा दिइनेछ ।

**तिनाउ सेनेटरी**

ट्याक्सी रिजर्वको लागि पनि सम्पर्क गर्नुहोला ।

बुटवल, १०, सुख्खानगर, रुपन्देही
फोन: ९८५७०५८८१३, ९८०७१८०८१३

**मतदान गर्ने अधिकारको प्रयोग गरौं**

- लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं ।
- मतदानको समयमा विवेकको प्रयोग गरौं ।
- मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं ।
- जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं ।
- निर्वाचनको माध्यमवाट शासन व्यवस्थालाई वैधता प्रदान गरौं ।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरौं ।
- सुशासन कायम गरौं र सुशासनका लागि निरन्तर खबरदारी गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**ट्वाइलेट सफा गराउनु परेमा**

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

**गगन सेनेटरी**
बुटवल, ८, सुख्खानगर, रुपन्देही
फोन: ९८६७०२१६१४, ९८१५४४७६४८
९८०४४१३२८७, ९८१६४६४१७२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

**पाल्पाली मगर सेनेटरी**
बुटवल, १७, मोतीपुर, रुपन्देही
फोन: ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०


मेचीकाली सन्देश प्रकाशन प्रा.लि. बुटवलद्वारा प्रकाशित मेचीकाली सन्देश राष्ट्रिय दैनिकका लागिः अध्यक्ष- होमराज बस्याल, प्रधान सम्पादक- बसन्तराज खनाल, कार्यकारी प्रमुख- विष्णु गैरे
प्रधान कार्यालयः बुटवल-९, मिलनचोक, रुपन्देही, फोनः ०७१-५३६००५, ५३१५२१ (प्रशासन/विज्ञापन), ५५४०८८ (सम्पादन), Email:mechikalidaily@gmail.com (News), mechikaliadd@gmail.com (Advt.) Website: www.mechikalinews.com,मुख्य शाखा कार्यालयः भैरहवा फोनः ०७१-५७६१३६